दुहुँ गाउँपालिका

# दुहुँ राजपत्र

खण्ड - २ संख्या - ६ मितिः २०७५।०६।१६

**भाग - २**

## औषधि उपचार कोष परिचालन निर्देशीका २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।०६।०९ |

**औषधि उपचार कोष परिचालन निर्देशीका २०७५**

यस दुहुँ गाँउपालिका क्षेत्र भित्रका दिर्घ रोग ग्रस्त व्यक्तिहरु जस्ले आर्थिक विपन्नताका कारण औषधि उपचार गर्न सकिरहेका छैनन वा गम्भीर रोग ग्रस्त भई संवेदनशील अंगहरुको सल्य चिकित्सा गर्नु पर्ने अवस्थामा रहेका छन, त्यस्ता रोगीहरुलाई औषधि उपचारका लागि राहत उपलव्ध गराउने उद्धेश्यले स्थानिय सरकार संचालन ऐन २०७४ को नियम ११९ बमोजिम यो औषधि उपचार कोष

परिचालन निर्देशीका २०७५ , दुहुँ गाँउपालिकाको मिति २०७५ असौज ९ गतेको कार्यपालिकाको वैठक वाट पारित गरी यो निर्देशीका लागु गरिएको छ ।

## परिच्छेद १

१: संक्षिप्त नाम र प्रारम्भ:

क) यस निर्देशीकाको नाम औषधि उपचार कोष परिचालन निर्देशीका २०७५ रहेको छ ।

ख) यो निर्देशीका दुहुँ गाँउकार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

२: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशीकामा :

क) दिर्घ रोग भन्नाले मुटु, मृगौला, पाठेघर कलेजो, आन्द्रा जस्ता सम्वेदनशील अंगहरुमा समस्या भई चिकित्सकले सधन उपचारको सिफारिस गरेका व्यक्तिहरुको रोगलाई बुझ्नु पर्दछ ।

ख) चिकित्सक भन्नाले नेपाल सरकारको सम्वन्धित निकायले चिकित्सकको मान्यता प्रदान गरी सरकारी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई बुझ्नु पर्दछ ।

ग) चिकित्सकको सिफारिस भन्नाले दफा २(ख) बमोजिमको चिकित्सकले गरेको सिफारिस भन्ने वुझ्नु पर्दछ ।

## परिच्छेद २

२: औषधि उपचार कोष परिचालनः दुहुँ गाँउपालिकाको गाँउसभा वाट स्विकृत उपचार कोषको रकमको छुट्टै हिसाव राखि गाँउपालिकाको मूलखाता वाट यो कोषको संचालन गरिने छ ।

३: कोष बाट राहत दिन सकिने रोगीहरुको प्रकार:

क) चिकित्सक द्वारा अप्रेशन गर्नु पर्ने भनि सिफारिस गरिएका विपन्न व्यक्तिहरु ।

ख) अप्रेशन गर्न नपरेपनि चिकित्सक द्वारा लामो समय सम्म नियमित औषधी सेवन गर्न सिफारिस गरिएका वा जिल्ला वाहिर गइ नियमित स्वास्थ्य जाँच गर्नु पर्ने विपन्न व्यक्तिहरु ।

## परिच्छेद ३

४) कोष वाट दिन सकिने उपचार राहतः गाँउकार्यपालिकाको वैठकद्वारा पारित गरी दिर्घ रोगीहरुलाई देहाय बमोजिमको उपचार राहत उपलब्ध गराउन सकिने छ ।

क) सम्वेदनशील अंगको अप्रेशन गर्नुपर्ने विपन्न रोगीहरुलाई रु. १००००/ सम्म ।

ख) सम्वेदनशील अंगको अप्रेशन गर्नु पर्ने घरमा रोजगारी वा व्यवसाय भएको रु. ५०००/ सम्म ।

ग) अप्रेशन गर्न नपर्ने तर जिल्ला बाहिर गइ उपचार गर्न चिकित्सक द्वारा सिफारिस भएका विपन्न व्यक्तिहरु रु. ८०००/ सम्म ।

घ) जिल्ला वाहिर गई उपचार गर्नु पर्ने परिवारमा रोजगारी वा व्यवसाय भएका व्यक्तीहरुलाइ रु.२००० सम्म ।

ङ) जिल्ला भित्रै समान्य उपचारगर्नु पर्ने रागीहरुलाई उपचार राहत दिइने छैन ।

## परिच्छेद ४

५) निर्देशीका बमोजिम उपचार राहत प्राप्त गर्न आवेदक ले देहायका कागजपत्रहरु संलग्न राखि गाँउपालिकामा आवेदन पेश गर्नु पर्ने छ ।

क) मान्यता प्राप्त चिकित्सकको रोग पहिचान गरेको र रेफर गरेको प्रमाण ।

ख) नेपाली नागरिकता (नावालकको हकमा जन्म दर्ता) को प्रमाणपत्रको प्रतिलिपी ।

ग) वडाकार्यालयको सिफारिस ।

आज्ञाले,

अमर महरा

प्रमुख प्रशासकीय अधिकृत